माथागढी गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
झडेवा, पाल्पा
लुम्बिनी प्रदेश, नेपाल

माथागढी गाउँपालिकाको

# आ.व. ०७९/८० को

# वार्षिक बजेट, योजना तथा कार्यक्रम

प्रस्तुतकर्ताः- विष्णुमाया लुङ्चे

सभामा पेश गरेको मितिः-२०७९ असार १० गते

अध्यक्ष

माथागढी गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
झडेवा, पाल्पा
लुम्बिनी प्रदेश, नेपाल

सम्मानित गाउँसभाका अध्यक्षज्यू, संपूर्ण सदस्यज्यूहरु, अतिथिहरु, कर्मचारीहरु, पत्रकार लगायत संपूर्ण महानुभावहरु !

संघीय परिपाटीको ब्यवस्था अनुरुप गाउँपालिकाको दोश्रो आवधिक कार्यकालको लागि निर्वाचित भएसङ्गै समृद्ध माथागढी निर्माणको सिलसिलामा आ.व. २०७९/८० को लागि बजेट प्रस्तुतीकरणका लागि हामी गाउँसभाको एघारौं अधिवेशसनमा उपस्थित भएका छौं । यस्तो उन्नत परिपाटी स्थापना गर्न अमूल्य योगदान पुऱ्याउनुहुने संपूर्ण अग्रजहरुको त्याग र बलिदानीको उच्च सम्मान ब्यक्त गर्दै यस गरिमामय एघारौं गाउँसभाको अवसरमा सर्वप्रथम राष्ट्र र जनताको लागि आफ्नो अमूल्य जीवन उत्सर्ग गर्ने वीर शहीदहरु प्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्न चाहान्छु ।

माथागढी निवासी जनताहरुको विकासको सपनालाई सम्बोधन गर्न वार्षिक बजेट तथा कार्यक्रम प्रस्तुत गर्ने यो मौका उपलब्ध गराउनुहुने संपूर्ण माथागढीवासी आमावुवा, दिदीबहिनी तथा दाजुभाइहरुप्रति हार्दिक धन्यवाद ज्ञापन गर्दछु । साथै वार्षिक वजेटको तयारी एवम् मस्यौदा लेखनमा महत्त्वपूर्ण सहयोग पुऱ्याउनुहुने संपूर्ण विषयगत समितिका पदाधिकारीहरु धन्यवादका पात्र हुनुहुन्छ । यस कार्यलाई मूर्तरुप दिन अहोरात्र खटिने सम्पूर्ण कर्मचारीहरुप्रति कृतज्ञ छु ।

वार्षिक वजेट गाउँपालिकाको वार्षिक गतिविधिहरुको सम्पूर्ण योजना हो र यस योजनालाई कार्यरुप दिन सबै क्षेत्रको आ-आफ्नो क्षेत्रबाट महत्त्वपूर्ण योगदान हुने कुरा स्मरण गराउँदै सोही अनुरुप इमान्दारीपूर्ण सहयोगको अपेक्षा लिएकी छु ।

स्रोतको सीमितताका बावजुद् नागरिकका असीमित आवश्यकताहरुलाई स्थानीय सरकारले सम्बोधन गर्नुपर्ने अपेक्षाका बिचमा आवश्यकताहरुलाई प्राथमिकीकरण गर्दै यथासम्भव सन्तुलित रुपमा कार्यक्रमहरुको प्रस्ताव गरिएको छ । यस वर्ष समेट्न नसकिएका कार्यक्रम तथा योजनाहरुले क्रमशः आगामी वर्षहरुमा स्थान पाउने कुरा आश्वस्त पार्न चाहन्छु ।

आर्थिक वर्ष ०७९।८० को बजेट तर्जुमा क्रममा गाउँसभाले पारित गरेको आर्थिक वर्ष ०७९।८० को नीत्ति तथा कार्यक्रमलाई केन्द्रविन्दुमा राख्दै , नेपालको संबिधान, स्थानिय सरकार सञ्चालन ऐन २०७४, अन्तर सरकारी वित्त हस्तान्तरण ऐन २०७४, संघिय र प्रादेशिक आवधिक योजना, नेपाल सरकार र प्रदेश सरकारको आ.व. २०७९/०८० को नीति कार्यक्रम तथा बजेट, नेपाल सरकार तथा प्रदेश सरकारबाट प्राप्त मार्गदर्शन, नेपाल सरकारले अन्तर्राष्ट्रिय मञ्चमा प्रतिबद्धता गरेका दीगो विकासका लक्ष्यहरु, स्थानीय ऐन तथा कानून, गाउँपालिकामा रहेका विभिन्न समितिहरुहरुको सुझावहरु, वडा समितिवाट आएका वजेट कार्यक्रम तथा सुझावहरु, गाउँपालिका क्षेत्रभित्रका विषयविज्ञ, सम्पूर्ण निर्वाचित पदाधिकारीहरु, राजनैतिक दल, नागरिक समाज, विभिन्न समूह, संगठन तथा गैरसरकारी संस्था तथा कर्मचारीहरुबाट प्राप्त सुझाव सल्लाहलाई समेत मार्गदर्शनको रुपमा लिएकी छु ।

अध्यक्ष

सभाध्यक्ष महोदय,

अव म आगामी आर्थिक वर्ष २०७८।७९ को बजेटका सोच, लक्ष्य, उद्धेश्य, प्राथमिकता, अवसर र चुनौतिको वारेमा सभा समक्ष पेश गर्न चाहान्छु ।

**सोचः समृद्ध माथागढी खुसी माथागढीवासी**

**लक्ष्यः संविधान र स्थानीय सरकार सन्चालन ऐनको मर्म अनुरुप स्थानीय नागरिकलाई श्रोत, साधन र अधिकार सम्पन्न बनाई गाउँपालिकालाई समृद्ध बनाउने।**

**उद्देश्यः**

(क) दिगो विकास लक्ष्य प्रासि एवं कृषि क्षेत्रको विकास मार्फत उत्पादनशील रोजगारी सिर्जना गर्नका लागि साझेदारीका कार्यक्रमहरु कुशलतापूर्वक सञ्चालन गर्ने ।

(ख) सहभागितात्मक पद्धतिको अवलम्बनद्वारा समावेशी विकास गर्ने ।

(ग) न्यूनतम ग्रमीण पूर्वाधारहरुको विकासद्वारा जनजीविकालाई सहज तुल्याउने ।

(घ) गुणस्तरीय शिक्षा तथा प्राथमिक एवम् आधारभूत स्वास्थ्यमा माथागढीवासी सम्पूर्ण जनताको पहुँच सुनिश्चित गर्ने ।

(ङ) गाउँपालिकाको सेवा प्रवाहलाई आधुनिक र प्रविधिमैत्री बनाई सेवा प्रवाहमा सुशासनको प्रत्याभुति दिलाउने ।

**प्राथमिकता**

क) आधारभूत स्वास्थ्य सुविधामा पहुँच स्थापित गर्दैं निर्माणाधीन १५ शैय्याको अस्पतालको निर्माण सम्पन्न गरी स्वास्थ्य सुविधामा उल्लेख्य सुधार ल्याउने ।

ख) गाउँपालिका भित्रै रोजगारी सृजना गर्न साझेदारीका कार्यक्रमहरु प्रभावकारी बनाउने ।

ग) गाउँपालिकाको अधुरा तथा क्रमागत आयोजनाहरु शीघ्र सम्पन्न गर्ने ।

घ) सूचना तथा सञ्चार प्रविधीलाई गाउ स्तर सम्म बिस्तार गरी प्रविधी मैत्री सेवा प्रवाहलाई निरन्तरता दिने ।

ङ) शीघ्र प्रतिफल दिने र आगामी वर्ष भित्र सम्पन्न हुने अधुरा आयोजनाको कार्यान्वयन गर्ने ।

च) सार्वजनिक सेवा प्रवाहलाई गुणस्तरीय, पारदर्शी र सर्वसुलभ बनाई नागरिकको पहुचमा अभिवृद्धि गर्ने ।

**अध्यक्ष**

अवसरहरू

क) विशिष्ट भौगोलिक एवम् पर्यटकीय स्थलहरुको थप संरक्षण तथा प्रचार प्रसार गरी आयआर्जन गर्न सकिने ।

ख) संघीय सरकार, प्रादेशिक सरकारबाट प्राप्त अनुदानको सहि सदुपयोग गरी प्राथमिकताप्राप्त महत्वपुर्ण आयोजनाहरुको सञ्चालन गर्न सकिने ।

ग) गाउँपालिकाको आन्तरिक आय वृद्धिमा सकारात्मक योगदान पुर्याउन सक्ने कृषि, जडीबुटी, उर्जा, पर्यटन लगायतका स्रोतको पहिचान गरी आय स्रोत बढाउन सकिने ।

घ) विद्युत आपूर्तिलाई सहज तुल्याई लिफ्टिङ्ग खानेपानी तथा सिंचाइ सुविधाहरु पुऱ्याउन सकिने ।

ङ) मेड्पा तथा अन्य प्रकृतिका साझेदारीका कार्यक्रमहरुको प्रभावकारी कार्यान्वयनद्वारा उल्लेख्य रोजगारी सिर्जना गर्न सकिने ।

च) उद्योग ग्रामको स्थापना गरी तत्काल पालिकावाट निर्यात समेत गर्न सकिने उद्योगहरुको स्थापना गर्न सकिने ।

छ) प्राविधिक शिक्षाको पठनपाठन एवम् विद्यालयहरुको शैक्षिक गुणस्तर सुधारद्वारा शिक्षामा आमूल सुधार ल्याउन सकिने ।

ढ) खानीजन्य पदार्थको ब्यवस्थापन तथा खानीबाट प्राप्त हुने रोयल्टीलाई परिचालन गरी प्राथमिकताप्राप्त क्षेत्रमा लगाली गर्न सकिने ।

चुनौतिहरु

क) कोरोना भाइरस महामारीका सम्भावित आगामी लहरलाई रोकथाम तथा प्रतिकार्यद्वारा विकास योजना लगायत विभिन्न सामाजिक कार्यमा प्रभाव पर्न नदिनु ।

ख) विकास निर्माणका कार्यहरुमा जनसहभागितालाई बृद्धि गरी अपनत्वको भावना जगाउनु ।

ग) दक्ष, क्षमतावान् र सीपयुक्त मानव संशाधनको विकास मार्फत् गाउँपालिकाको समग्र विकासमा उनीहरुको उपयोग गर्नु ।

घ) गाउँपालिकाभित्र रहेका मानिसहरुको आय असमानतालाई कम गर्दै सामाजिक न्याय कायम गर्नु।

ङ) युवाहरुका लागि स्थानीय स्तरमै रोजगारीका अवसर सिर्जना गरी उद्यमशीलताको विकास गर्नु ।

च) पालिका भित्रमा प्राकृतिक स्रोत उपयोग लगायतका क्षेत्रबाट आय अभिवृद्धि गर्नु ।

छ) समयमा नै बजेट कार्यान्वयन गर्ने परिपाटी स्थापना गर्नु।

ज) प्रविधिको प्रयोगलाई समयानुकुल बढाउँदै सुशासनयुक्त सेवाप्रवाहको स्तर कायम गर्नु ।

अध्यक्ष

आदरणीय गाउँसभाका अध्यक्षज्यू, सदस्य ज्यूहरु तथा सम्पूर्ण महानुभावहरु

अव म आ.व. ०७९/८० को क्षेत्रगत नीति तथा कार्यक्रम कार्यान्वयनका लागि बजेट विनियोजन र श्रोत व्यवस्थापनको प्रस्तावित अनुमान प्रस्तुत गर्दछु ।

१. चालु आर्थिक वर्षको असार मसान्तसम्ममा आन्तरिक राजश्व तर्फ रु १ करोड ९५ लाख रुपैया संकलन हुने संशोधित अनुमान गरेकी छु । आगामी वर्षको लागि भुमिकर मार्फत रु.४ लाख, घर बहाल कर २ लाख ५० हजार, बहाल विटौरी कर १ लाख, सवारी साधन कर १ लाख, प्रशासनिन सेवा शुल्क १ लाख ६१ हजार, नक्सा पास १ लाख, सिफारिस दस्तुर १० लाख, ब्यक्तिगत घटना दर्ता दस्तुर ३ लाख ७५ हजार, नाता प्रमाणित दस्तुर १ लाख २१ हजार, व्यवसाय रजिष्टेशन दस्तुर ३ लाख ९६ हजार, कवाडी संकलन तथा निकासी दस्तुर १ लाख ५० हजार, घरपालुवा पशु चौपाया निकासी कर १ लाख, विज्ञापन कर ५० हजार, प्रशासनिक दण्ड जरिवाना र जफत ५० हजार, बेरुजु असुली ३ लाख र अन्य दस्तुर एवं रोल्टी आम्दानी समेत १ करोड ७० लाख ५० हजार रहने अनुमान गरिएको छ । यसरी जम्मा आन्तरिक आम्दानी २ करोड ७ लाख तीन हजार हुने प्रक्षेपण गर्दछु ।

२. यस वर्ष प्राप्त हुने वित्तीय समानिकरण अनुदान ११ करोड ३३ लाख, ससर्त तर्फ २६ करोड ३० लाख र विशेष अनुदान १ करोड प्राप्त हुने सुनिश्चितता भएको छ ।

३. त्यस्तै लुम्बिनी प्रदेशबाट वित्तिय समानिकरण अनुदान रु ६१ लाख, ससर्त अनुदान ८० लाख, विशेष अनुदान ६० लाख र समपुरक अनुदान १ करोड ५० लाख प्राप्त हुने सुनिश्चितता भएको छ ।

४. राजश्व बाँडफाड तर्फ संघीय सरकार मार्फत ९ करोड ९३ लाख ६१ हजारको अनुमान प्राप्त भएको छ भने लुम्बिनी प्रदेशबाट ७० लाख प्राप्त हुने अनुमान गरिएको छ ।

५. चालु आ.व.को कार्य सम्पादन पश्चात् अल्या बैक मौज्दात २ करोड ९० लाख रहने अनुमान गरिएको छ ।

६. अगामी अ.व. ०७९/८० को नीति तथा कार्यक्रम कार्यान्वयन गर्नका लागि रु. ५७ करोड ९८ लाख ८९ हजार ७ सय रुपैया विनियोजन गरिएको छ ।

७. आर्थि विकास क्षेत्रमा ४ करोड ४४ लाख ६७ हजार ९ सय ९, सामाजिक विकास क्षेत्रमा २९ करोड ४५ लाख २२ हजार २ सय ९७, पूर्वाधार विकास क्षेत्रमा १३ करोड २८ लाख २३ हजार ७ सय ८१, सुशासन तथा अन्तर सम्बन्धित क्षेत्रमा १ करोड ४४ लाख ३७ हजार ३ सय ६८, कार्यालय संचालन तथा प्रशासनिक खर्च तर्फ ९ करोड १२ लाख ४३ हजार ३ सय ४५ विनियोजन गरिएको छ ।

८. कुल विनियोजन मध्ये चालु तर्फ रु. ३२ करोड १७ हजार रुपैया र पुंजीगत तर्फ २५ करोड ९८ लाख ७२ हजार ६ सय १५ रुपैया रहेको छ ।

९. आगामी आ.व.मा बजेटका क्षेत्रगत प्राथमिकताहरुलाई प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

अध्यक्ष

माथागढी गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
झडेवा, पाल्पा
लुम्बिनी प्रदेश, नेपाल
२०७३

## सामाजिक विकास

### शिक्षा

विद्यालयहरुको भौतिक पक्षा तथा शैक्षिक गुणस्तर सुधारमा पहल गर्दै जाने नीति अनुरुप वडा नं.१ जाउपोखरा एवं ज्ञानोदय प्रा.वि., वडा नं. ६ चारघरे साथै माथागढी-४ अर्खलामा प्रारम्भिक बालविकास केन्द्र संचालन गर्न आवश्यक बजेट विनियोजन गरेकी छु । त्यसै गरी समग्र शिक्षण प्रणालीलाई व्यवस्थित गर्ने उद्देश्यले विभिन्न संघ संस्थाको सहकार्यमा गुणस्तरिय शिक्षा गुणस्तरिय स्कूल कार्यक्रमका लागि आवश्यक रकमको व्यवस्था गरिएको छ । अनाथ बालबालिकाहरुलाई गाउँपालिकाले अभिभावकत्व लिदै मा.वि. तह सम्मको शिक्षाका लागि आवश्यक व्यवस्था मिलाइएको छ ।

- दिव्यज्योती मा.वि.लाई नमुना विद्यालयको रुपमा विकास गर्न आवश्यक रकम विनियोजन भएको छ ।
- सौभाग्य मा.वि.मा संचालनमा रहेको प्राविधिक विषयको पठनपाठनलाई व्यवस्थित गर्न थप रकम छुटयाइएको छ ।
- किसान मा.वि. र किसान बहुमुखी क्याम्पसको शैक्षिक व्यवस्थापनको लागि रकम व्यवस्था गरिएको छ ।
- अन्य आवश्यक पुर्वाधारहरु निर्माण तथा प्रशासनिक सुधारका लागि आवश्यक पर्ने रकमको व्यवस्था गरिएको छ ।
- विभिन्न शैक्षिक कार्यक्रम तालिम तथा अतिरिक्त क्रियाकलाप संचलनका लागि व्यवस्थापन गरिएको छ ।
- शिक्षक कर्मचारीको विमा गर्ने कार्यक्रमलाई निरन्तरता दिइएको छ ।
- विद्यालयहरुमा क्रमशः इन्टरनेट पुर्याउन रकम छुटयाइएको छ ।

### स्वास्थ्य

निर्माणाधीन १५ शैयाको अस्पताल पुरा गर्न आवश्यक व्यवस्था गरिएको छ ।माथागढी-१को धैरेनी, वडा नं.३ को ओलेस/सिकारकोट, वडा . ६ को भुटुके, वडा नं. ७ को मटेरी र वडा न. ८ ताकाटुङ्ग गरी थप ५ स्थानमा सामुदायिक स्वास्थ्य इकाई संचालन गर्न थप बजेटको व्यवस्था गरिएको छ । महिलाको आङ्ग खस्ने समस्या तथा पाठेघरको मुखको क्यान्सरको स्क्रिनिङ्ग शिविर सचालन गर्न तथा अन्य विभिन्न स्वास्थ्य शिविरको लागि आवश्यक रकम छुटयाइएको छ ।

स्वास्थ्य चौकी तथा ल्यावहरुको क्षमता विकासका लागि आवश्यक रकमको व्यवस्था गरिएको छ ।

कोभिड लगायतका महामारी जन्य रोगको संभावित जोखिमको प्रतिकार्यको लागि आवश्यक व्यवस्था गरिएको छ ।

### खानेपानी

अधुरा क्रमागत योजनाहरुलाई पुर्णता दिन आवश्यक रकम छुटयाइएको छ । खानेपानीका मुहान संरक्षण, खानेपानी प्रणाली सुधार १ घर १ धारा कार्यक्रम निरन्तरता लगायतका लागि आवश्यक रकमको व्यवस्था गरिएको छ ।

अध्यक्ष

माथागढी गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
झडेवा, पाल्पा
लुम्बिनी प्रदेश, नेपाल
२०७२

लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण

माथागढी गाउँपालिका भित्रका विभिन्न लक्षित वर्गहरुको संरक्षण एवं समावेशीकरणका कार्यक्रमहरु संचालन गर्न आवश्यक व्यवस्थापन गरिएको छ । विभिन्न साझेदारी कार्यक्रमहरुबाट लक्षित वर्गलाई लाभान्वित गर्ने नीति लिइएको छ ।

युवा तथा खेलकुद

माथागढीलाई खेलकुदको माध्यमद्वारा परिचित गराउन खेल मैदानहरुको निर्माण तथा सुधार खेल महोत्सव तथा प्रातियोगिताहरुको आयोजना युवाहरुलाई खेलकुद सामग्री वितरण, विशेष शोध अनुसान्धान गर्ने युवाहरुलाई प्रोत्साहित गर्न अनुदान गरकम लगायतको व्यवस्था गरिएको छ ।

आर्थिक विकास

कृषि तथा पशु पन्छी विकास

कृषि पकेटका कार्यक्रमहरुलाई निरन्तरता दिन बजेटको व्यवस्था गरिएको छ । कृषिलाई रोजगारीसँग जोड्न विभिन्न प्रविधि, बिउविजन लगायत प्राविधिक सहयोगका कार्यक्रमलाई निरन्तरता दिइएको छ । कृषि प्रवर्द्धन तथा कृषि यान्त्रीकरणका लागि रकम छुट्याइएको छ । वाली बीमा गर्नको लागि आवश्यक व्यवस्था मिलाइने छ ।

नवप्रवर्तन तथा उद्यमशिलता विकास

लुम्विनी प्रदेश मुख्यमन्त्री तथा मन्त्री परिषद्को कार्यालयसँगको साझेदारीमा नवप्रवर्तन साझेदारी कार्यक्रम अन्तर्गत वेरोजगार युवासँग उद्यमशिलता कार्यक्रम संचलनको लागि आगामी वर्षको लागि १ करोड ७५ लाख रुपैया छुट्याइएको छ ।त्यसै गरी थप अध्यन एवं सुझाव र परिमार्जन सहित माथागढी कृषि तथा पशु उद्यमशिलता (साझेदारी कार्यक्रमको लागि रु १ करोड ५० लाख विनियोजन गरिएको छ ।

पुर्वाधार विकास

यातायात

रहवास खोला पुल लगायत अन्य स्थानमा कजवे तथा कल्भर्ट निर्माणका लागि आवश्यक बजेट विनियोजन गरिएको छ । प्रदेश समपुरक योजनाहरुको लागि रु १ करोड ५० लाख छुट्याइएको छ । देवगिर झडेवा सडक स्तरोन्नतीको लागि रकम व्यवस्था गरिएको छ । निर्माणाधिन अधुरा र रणनीतिक महत्वका सडक तथा पैदल मार्गका लागि आवश्यक रकम छुट्याइएको छ ।

भवन तथा आवास

गाउँपालिका प्रशासकीय भवनको लागि १ करोड छुट्याइएको छ । त्यसै गरी १ नं. वडा कार्यालय निर्माणको लागि १ करोड छुट्यइएको छ । विभिन्न सामुदायिक भवन तथा शौचालयहरु निर्माणको लागि आवश्यक रकम छुट्याइएको छ ।

अध्यक्ष

माथागढी गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
झडेवा, पाल्पा
लुम्बिनी प्रदेश, नेपाल
२०७३

उर्जा

बैकल्पिक उर्जा कार्यक्रमका लागि ८ लाख छुट्याइएको छ ।

**संचार तथा सूचना प्रविधि**

गा.पा.का सेवा केन्द्रहरुमा इन्टरनेट व्यवस्थापनका लागि आवश्यक रकम छुट्याइएको छ ।विद्यालयहरुमा इन्टरनेटको क्रमशः व्यवस्थापन गर्न रकम छुट्याइएको छ । गा.पा.को प्रशासनिक कार्यालयमा सेवाग्राहीको लागि निःशुल्क वाइफाइ सुचारु गर्न आवश्यक व्यवस्था गरिएको छ ।

**सुशासन तथा अन्तर सम्बन्धित क्षेत्र**

- खानीजन्य पदार्थ एवं नदीजन्य पदार्थको उचित सदुपयोग गर्न आवश्यक व्यवस्था गरिएको छ । नदी जन्य पदार्थको उत्खननको लागि प्रारम्भिक वातावरणिय अध्ययनको लागि ४ लाख छुट्याइएको छ ।
- वन तथा वातावरण संरक्षणको लागि ५ लाख तथा भु-क्षय नियन्त्रणका लागि १० लाख छुट्याइएको छ ।
- विपद व्यवस्थापनका लागि ५० लाख छुट्याइएको छ ।
- राजश्व संकलन प्रणालीलाई व्यवस्थित गर्न सफ्टवयर खरिदको लागि ५ लाख छुट्याइएको छ ।
- विभिन्न पर्यटकिय क्षेत्रहरु लगाएत अन्य पूर्वाधारहरुको पहिचान र विस्तृत परियोजना प्रतिवेदनका लागि १५ लाख छुट्याइएको छ ।

विविध

- कर्मचारीहरुको उत्प्रेरणा र क्षमता विकासका लागि आवश्यक कार्यक्रमहरु ल्याइएको छ । गा.पा. अन्तर्गत करारमा कार्यरत कर्मचारीहरुको तलवमा १५ प्रतिशतले वृद्धि गर्न आवश्यक रकम छुट्याइएको छ । प्रारम्भिक बाल विकास सहजकर्ता लगायत विद्यालय लेखा कर्मचारीको सेवा सुविधामा सम्बोधन गर्न आवश्यक रकमको व्यवस्था गरिएको छ ।
- कर्मचारीहरुको दुर्घटना विमा, खेलाडी विमा, कल्याण कोष लगायतको लागि रकम छुटयइएको छ । गा.पा. भित्रका स्थायी कर्मचारीहरुको तलब सुविधा संघीय सरकारले घोषणा गरे बमोजिम १५ प्रतिशतले वृद्धि गर्न आवश्यक रकम छुट्याइएको छ ।

१०. प्रस्तुत बजेट योजना तथा कार्यक्रम आफैमा पूर्ण छैन ।सभाको सूझाब अनुसार यसलाई लचकता पूर्वक संशोधन गर्न सकिने र यसको सफल कार्यान्वयन पश्चात मात्र यो पूर्ण भएको मानिनेछ । बजेटको सफल कार्यान्वयनका लागि सम्पूर्ण पक्षको सकारात्मक मार्गदर्शन एवं रचनात्मक सल्लाह सुझावको अपेक्षा गरेका छौं ।

धन्यवाद

विष्णुमाया लुङ्चे
उपाध्यक्ष
माथागढी गाउँपालिका

अध्यक्ष